मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : १५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर १६ गते शुक्रबार (Friday, December 2. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भा.रु. : ४/-

## युट्युवमार्फत अश्लीलता फैलाउँदा...

**काठमाडौं, मंसीर १५।** युट्युवमार्फत अश्लीलता फैलाउने कार्यमा संलग्न रहेको अभियोगमा मकवानपुर हेटौंडा उपमहानगरपालिका-४ हुप्रोचौर बस्ने २० वर्षीय प्रतिक भन्ने नवीन खड्कालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सुरक्षार्थ खटाइएका म्यादी प्रहरीको सन्दर्भमा भिडियो साझेदारी सेवा युट्युवमार्फत

*(बाँकी अन्तिम पृष्ठमा)*

# एचआइभी संक्रमण ८४% घट्यो

**झापा, मंसीर १५।** नेपालमा सन् २००० को तुलनामा एचआइभीको नयाँ सङ्क्रमण ८४ प्रतिशतले घटेको पाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र टेकुले सार्वजनिक गरेको तथ्याङ्कमा सन् २०००को तुलनामा सन् २०२१मा ८४ प्रतिशतले एचआइभीको नयाँ सङ्क्रमणमा कमी आएको जनाइएको छ।

सन् २०००मा चार हजार तीन सय ७० जना र सन् २०२१ मा छ सय ८० जना नयाँ सङ्क्रमित फेला परेका थिए। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा. सुधा देवकोटाले सङ्क्रमितलाई उपचार प्रक्रियामा ल्याइएकाले सर्न कम भएको बताइन्। उनले सन् २००० को तुलनामा सन् २०२१ मा ८४ प्रतिशतले नयाँ सङ्क्रमित कम भएको जानकारी दिइन्।

हामीले सङ्क्रमितको पहिचान गरेर उपचार पद्धतिलाई राम्रो बनाएका छौँ- उनले भनिन्- सबै सङ्क्रमित उपचारमा आउने भएका र सर्न पनि कम भइरहेकाले नयाँ सङ्क्रमित कम हुँदै गएका छन्। उनका अनुसार हरेक वर्ष नयाँ सङ्क्रमित कम हुने गरेका छन्। यस्तै सन् २०२१ सम्म नेपालमा ३० हजार व्यक्ति एचआइभी सङ्क्रमित रहेका थिए।

कूल सङ्क्रमितमध्ये शुन्य दशमलव १२ प्रतिशत सङ्क्रमण वयस्क मानिसमा र ४५ जना १४ वर्षभन्दा मुनिका बालबालिकामा एचआइभी सङ्क्रमण भएको तथ्याङ्कमा देखाइएको छ। यस्तै २०२१ सम्ममा नेपालमा २१ हजार सात सय २३ सङ्क्रमितले एन्टिरेट्रो भाइरस (एआरभी) उपचार लिइरहेका छन्, त्यो संख्या कूल एचआइभीको ७२ प्रतिशत मात्र हो।

निर्देशक डा. देवकोटाले अझै पनि उपचारबाट बाहिर रहेका करिब पाँच हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताइन्। अझै पनि करिब पाँच हजार संक्रमित उपचारभन्दा बाहिर



रहेका छन्- उनले भनिन्- हामी ती सङ्क्रमितको पहिचान गरेर उपचारमा ल्याउने प्रयासमा रहेका छौँ।

उनले उपचार गरी भाइरल लोड ठीक भएका सङ्क्रमितको समाजमा घुलमिल हुनका लागि वातावरण बनाउने अभियानमा आफूहरु रहेको बताइन्। उपचारपछि ठीक भइरहेका सङ्क्रमितलाई जीविकोपार्जन गर्ने सम्बन्धी कार्यक्रम हामीले ल्याउने तयारी गरेका छौँ- उनले भनिन्- स्वस्थ भएका सङ्क्रमित आफैं केही गर्न सकिन्छ कि भनेर स्वावलम्बन बनाउने तयारीमा हामी रहेका छौँ।

उनले एचआइभी सङ्क्रमितमाथि अझै पनि समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको बताइन्। सन् २०२१मा पाँच सय १० जनाको एड्सबाट मृत्यु भएको छ। सन् २००७मा एक हजार सात सय ६५ जनाको एड्सका कारणले मृत्यु भएको छ। सन् २००७ भन्दा २०२१मा ७१ प्रतिशतले कमि हो। केन्द्रका निर्देशक डा. देवकोटाले सबैलाई उपचारमा ल्याइएको हुनाले मृत्यु दरमा कमि आएको बताइन्।

**उच्च जोखिममा को ?**

नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारीका लागि विदेशीने रहेका छन्।

तीमध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरु जोखिम समूहभन्दा उच्च रहेको छ। सन् २०२० को राष्ट्रिय सर्वेक्षण अनुसार सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ। यस्तै सन् २०१७/१८मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको थियो। प्रदेश नं. १, लुम्बिनी तथा सूदूरपश्चिमका जिल्लामा गरिएको सर्वेक्षणले भारतमा काम गर्ने नेपालीमा एचआइभी सङ्क्रमण एक प्रतिशतभन्दा कम रहेको पाइएको छ।

नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरे अनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारका लागि विदेशिने तथा तिनका दम्पती तथा जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम एवम् सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ।

योजना अनुसार नेपालमा सन २०३० सम्ममा एड्स तथा एचआइभीलाई अन्त्य गर्ने रणनीति रहेको छ। अहिले अनुमानित एचआइभी सङ्क्रमितमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, ९५ प्रतिशतको उपचार गर्ने र एआरटी सेवा लिइरहेकामध्ये ९५ प्रतिशतको भाइरल लोड सप्रेसन हासिल गर्ने तथा नयाँ सङ्क्रमितलाई ९० प्रतिशतले कम गर्ने योजना सरकारको रहेको छ।

अहिले ६१ जिल्लाका ८४ एआरटी सेन्टरबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

# बैंकहरूले थाहै नदिई ब्याज बढाएको गुनासो

**पथरीशनिश्चरे, मंसीर १५।** मोरङ्गको बेलबारीका उद्योगी-व्यवसायी र बेलबारीमा रहेका विभिन्न बैंकहरुका प्रतिनिधिबीच अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ।

नगरपालिकाको समन्वयमा भएको अन्तरक्रियामा बेलबारी नगरपालिकाका नगरप्रमुख दिलप्रसाद राईले चर्को बैंक ब्याजका कारण व्यवसायीहरु मर्कामा परिरहेको भन्दै बैंकहरुले समेत व्यवसायीहरुको मर्का बुझ्नुपर्ने र सकेसम्म ब्याज घटाउन पहल गर्नुपर्ने बताएका छन्।

जवाफमा बैंकका प्रतिनिधिहरुले बैंक र व्यबसायीहरुबीच अति निकट सम्बन्ध हुनुपर्ने र एकअर्काबिना अपूरो हुने भन्दै आ-आफ्नो शाखाबाट केन्द्रीय कार्यालयमा कुरा राख्ने वचन दिएका छन्।

कार्यक्रममा उद्योग बाणिज्य संघ बेलबारीका कार्यबाहक अध्यक्ष राजेशजंग कार्की, उपाध्यक्ष माधवराज थापा, व्यवसायी विजय सुवेदी, हरि लोहनी लगायतले बैंकको ब्याज बढ्दै जाँदा व्यवसायीहरुलाई मर्का परेको गुनासो गरेका थिए। अधिकांश व्यवसायीहरुले बैंकहरूले ऋण लिने बेलामा एउटा ब्याज भन्ने र तिर्ने बेलामा ब्याज बढाएर समेत तिर्न लगाउने गरेको गुनसो गरेका थिए।

अन्तरक्रियामा बेलबारी नगरपालिकाका प्रमुख राई, उपप्रमुख नितु थापा, उद्योग बाणिज्य संघ बेलबारीका पदाधिकारीहरु, व्यवसायीहरु र बैंकका प्रतिनिधिहरुको सहभागिता थियो।

## अस्पताल भवन निर्माणमा ढिलाइ

**झापा, मंसीर १५।** सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई स्तरोन्नति गर्दै दुई वर्षभित्र १५ शैय्याको अस्पताल बनाउने भन्दै केपी शर्मा ओली नेतृत्वको सरकारले झापाका १५ वटै स्थानीय तहमा पूर्वाधार निर्माणको काम शुरु गर्‍यो।

तर, दुई वर्ष बित्न लाग्दा समेत झापाका अधिकांश स्थानीय तहले अस्पतालका लागि आवश्यक पर्ने भवनको पहिलो चरणको काम समेत सम्पन्न गर्न सकेका छैनन्।

बाह्रदशी गाउँपालिका-२स्थित इलाका स्वास्थ्य चौकी राजगढलाई स्तरोन्नति गर्दै १५ शैय्याको अस्पताल बनाउन लागिए पनि हालसम्म पहिलो चरणकै काम सम्पन्न गर्न नसकिएको स्वास्थ्य शाखा प्रमुख रामकुमार साहले बताए। उनले भने - भवन निर्माणका लागि भर्खर 'बेस'को काम सकिएको छ। भवन सम्पन्न गर्न अझै धेरै समय लाग्छ। करिव ९ करोड रुपैयाँको लागतमा निर्माणाधीन अस्पतालको भवन पूर्ण रुपमा निर्माण सम्पन्न गरी सञ्चालनमा आउन समय लाग्छ।

त्यसो त बिर्तामोड नगरअस्पतालको समेत भवन निर्माण सम्पन्न भएको छैन। बिर्तामोड नगरपालिका वडा नम्वर ३का वडाध्यक्ष मदन वुढाथोकीका अनुसार अहिले भवन निर्माणको काम धमाधम भइरहेको छ।

ओली सरकारले दुई वर्षअघि अर्थात् २०७७

*(बाँकी अन्तिम पृष्ठमा)*

# गुणस्तर र बजार प्रवर्द्धनमा सघाउँदै चिया परियोजना



**सुनिता राई**

**इलाम, मंसीर १५।** इलाम बजारको समस्याको बहस चलिरहँदा यो वर्ष चियाको चर्चा निक्कै चुलियो। कारण थियो- भारतले नेपाली चिया आयातमा लगाउन खोजेको अंकुश।

नेपाली चियाको गुणस्तरको विषयलाई लिएर भारतीय संसदमा नै आयात प्रभावित हुने गरी भन्सार लगाउन प्रस्ताव गएपछि यहाँका सरोकारवालाबीच खैलाबैला मच्चिएको थियो।

नेपाली चियाको दिगो बजार प्रवर्द्धनको पहिलो शर्त मानिएको गुणस्तर सुधारको चर्चा पनि उत्तिकै छ। यसै सन्दर्भमा राष्ट्रिय चिया तथा कफी विकास वोर्डले सञ्चालन गरिरहेको चियाको गुणस्तर सुधार र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन सम्बन्धी परियोजनाको सफल कार्यान्वयनको प्रभावकारिता पनि बढेको छ।

युरोपियन युनियनको सहयोगमा सञ्चालित 'नेपाल इन्किृज सस्टेनेवल टि एक्सपोर्ट' परियोजनाले चियाको बोटदेखि उपभोक्ताको ओठसम्मको प्रकृयामा सुधारका कार्यक्रम ल्याएको वोर्डका कार्यकारी निर्देशक विष्णु भट्टराई बताउँछन्। गुणस्तर सुधार नभएसम्म चियाको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्न नसकिने भएकाले यो प्रोजेक्टले त्यसलाई ध्यान दिएको उनको भनाइ छ।

भारत निर्भर रहेको चिया अन्य देशमा बजार विस्तार नगरेसम्म समस्या उस्तै रहने विज्ञहरुको भनाइ छ। इलामसहित नेपालमा उत्पादित वार्षिक ६० लाख किलो तयारी चियामध्ये भारतीय बजारमा ८० प्रतिशत खपत हुन्छ। १० प्रतिशत पश्चिमा बजार र बाँकी १० प्रतिशत चिया नेपालभित्र नै खपत हुने गरेको छ।

भारतमा निर्भर चियाको प्रतिशत घटाउँदै आन्तरिक र पश्चिमा वजार बढाउने लक्ष्यका साथ वोर्डले काम अघि बढाएको हो। २ वर्षअघि शुरु भएको यो परियोजना अन्तर्गत १७ करोड रुपैयाँ खर्च भइरहेको छ। परियोजनाले चिया रोपणदेखि, काँटछाँट, प्रशोधन, प्याकेजिङ, अर्गानिक सर्टिफाइलगायत विषयमा काम गरिरहेको छ। सँगसँगै चिया क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव भएको अवस्थामा भएका जनशक्तिमार्फत कृषकस्तरसम्म नै प्राविधिक ज्ञान दिने काम पनि भइरहेकाले अबको चिया उत्पादनमा सुधार हुने कतिपय कृषकको नै बुझाइ छ।

परियोजनाले नेपालको आफ्नै पहिचानसहितको क्लोन विकासमा पनि काम गरिरहेको बोर्डको बिर्तामोडस्थित कार्यालयका इन्द्र अधिकारीले वताए। यो परियोजना नेपाल सरकारले कृषक र सरोकारवाला सम्म पुग्ने गरी सिँधै सञ्चालन गरेकाले पनि अपेक्षित परिणाम हासिल गर्न सहज हुने वोर्डको विश्वास छ।

गत वर्ष चिया काट्ने समयमा बगान वगान पुगेर वोर्डका प्राविधिकले कृषकलाई तालिम दिएका थिए। गुणस्तरीय चिया उत्पादनकालागि चियाको जात पहिचान, रोप्ने तरिका, काँटछाँटदेखि सम्पूर्ण प्रकृया नै महत्वपूर्ण हुने भएकाले सोही अनुरुप गरिनुपर्ने राष्ट्रिय चिया सहकारी संघका महासचिव रवीन राईको भनाइ छ।

# नेकपा एकीकृत समाजवादीले कटायो थ्रेसहोल्ड

**झापा, मंसीर १५।** नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी लगायतको गठबन्धनले बहुमत जुटाउने र सरकार बनाउने सत्तापक्षीय नेताहरुले बताइरहेका छन्।

यसका लागि माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले थ्रेसहोल्ड कटायो भने चार सांसद थपिन्छन् र बहुमत पुऱ्याउन सजिलो हुने आशमा छन् गठबन्धन नेताहरु। प्रतिनिधिसभामा एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १० सिट जितेको छ। समानुपातिकतर्फ उसले ३ प्रतिशतको थ्रेस होल्ड कटायो भने राष्ट्रिय पार्टीको मान्यता पाउने छ र बढीमा ४ सिट सांसद थपिएर १४ सिटको दल बन्न पुग्नेछ। थ्रेसहोल्ड कटेन भने सत्ता गठबन्धनलाई ४ सिट घाटा लाग्ने छ।

एकीकृत समाजवादी राष्ट्रिय पार्टी बन्ने, नबन्ने अहिलेसम्म दोसाँधमै छ। यद्यपि २०-२५ हजार मत थप्यो भने ऊ राष्ट्रिय दल बन्ने सम्भावना देखिन्छ। बुधबार रातिसम्म उसले प्रतिनिधिसभामा समानुपातिकतर्फ २.८५ प्रतिशत मत पाएको

*(बाँकी अन्तिम पृष्ठमा)*

द.नं. ३/१/७/५२४/२०६७/०६८

**सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड-४, झापा
स्था.: २०६७

**कर्मचारी आवश्यकता सम्बन्धीको सुचना**

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि., विर्तामोड-४, झापाको मिति २०७९।०८।१५ गते बसेको पदपुर्ति समितिको निर्णय बमोजिम तपशिलका सेवाकेन्द्रहरुमा सहायक तृतीय पद चारौं तहमा बजार प्रतिनिधि कर्मचारी आवश्यक भएको हुँदा १८ बर्ष पुरा भई ४० बर्ष उमेर ननाघेका ईच्छुक नेपाली नागरिकलाई दरखास्त आवहानका लागि यो सुचना प्रकाशन गरिएको छ।

| क्र.सं. | सेवाकेन्द्र | संख्या | योग्यता | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | लक्ष्मीपुर | १ | SLC/SEE उत्तीर्ण | चैतुबारी, चारपाने हुँदै लक्ष्मीपुर |
| २ | कामाटोली | १ | | कुवाडी, झापा, पन्थपाडा हुँदै कामाटोली |
| ३ | बेलबारी, मोरङ्ग | १ | | बेलबारी बजार आसपास |
| ४ | श्रीअन्तु | १ | | तकपत, श्रीबुङ्ग, मेचीबजार, उन्युटार क्षेत्र |
| ५ | शिवगंज | १ | | शिवगंज बजार लगायत आसपासका क्षेत्र |
| ६ | चन्द्रगढी | १ | | दुहागढी, पुहातुबारी हुँदै चन्द्रगढी |
| ७ | सुरुङ्गा | १ | | दुर्गापुर, कालिमुडा हुँदै सुरुङ्गा |
| ८ | भृकुटी | १ | | सृजना चोक, दोकान डाँडा हुँदै भृकुटी |
| ९ | मंगलबारे, ईलाम | १ | | जितपुर, पानीटार हुँदै मंगलबारे बजार |
| १० | शनिश्चरे रोड | १ | | महानन्द चोक, पूर्व/पश्चिम पानीटंकी आसपास |

**संलग्न हुनुपर्ने कागजात :**
१) हस्तलिखित निवेदन
२) नेपाली नागरिकताको प्रतिलिपि
३) शैक्षिक योग्यताको प्रतिलिपि
४) २ प्रति पास फोटो
५) अनुभव प्रमाणपत्रको प्रतिलिपि

**सेवासुविधा :**
१) आधार तलब : प्रशिक्षार्थी समय ३ महिना रु. १५,०००।- सम्म र सो पश्चात् रु. २०,०८७।- सम्म।
२) फिल्ड सुविधा : संस्थाको नियमानुसार


**अन्य सुविधा :**
१) ग्रेड, संचयकोष, उपदान, उपचार सुविधा, कर्मचारी बोनस संचित विदा, दुर्घटना बीमा, दशैं बोनस, महंगी भत्ता तथा प्रोत्साहन भत्ता आदी।

परिक्षणकाल ६ महिनाको रहने छ।

नोट : स्थानीय, अनुभवी, विवाहित तथा दुई पांग्रे सवारी चालक अनुमति पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ।

**पदपुर्ति समिति**
सिम्रिक साकोस

सम्पर्क नं. : ९८०१४४९४२८, ईमेल : simrikcoophr@gmail.com
फारम भर्ने अन्तिम मिति २०७९।०८।२३ गते शुक्रबार कार्यालय समयसम्म




**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

# कसले कति मत पाए ?

### झापा क्षेत्र नं. ५का प्रतिनिधिसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | केपी शर्मा ओली | नेकपा एमाले | ५२३१९ |
| २ | खगेन्द्र अधिकारी | नेपाली कांग्रेस | २३७४३ |
| ३ | ओममाया आङ्देम्बे | जनता समाजवादी पार्टी | ६२९ |
| ४ | रुद्रप्रसाद दाहाल | नेपाल मजदुर किसान पार्टी | २५० |
| ५ | चन्द्रप्रसाद राजवंशी | लोसपा | १०५ |
| ६ | भीम राजवंशी | जनमत पार्टी | १४८५ |
| ७ | सानबहादुर मेचे | मंगोल अर्गनाइजेशन | ७४४ |
| ८ | कविन्द्र शेर्मा लिम्बू | संघीय लोकतान्त्रिक रा. मञ्च | १२८१ |
| ९ | राजन चुडाल | नेशनलिष्ट पिपुल्स पार्टी | ८८ |
| १० | पदमबहादुर जवेगू | राष्ट्रिय जनमुक्ति पार्टी | २१४ |
| ११ | सेखरनाथ सेढाई | नेपाली कांग्रेस (वीपी) | ५१ |
| १२ | रामप्रसाद पाठक | सचेत नेपाली पार्टी | ४९ |
| १३ | सुरेशकुमार पोखरेल | राष्ट्रिय स्वतन्त्र पाटर्थी | ११७५९ |
| १४ | इन्द्रमणि दाहाल | स्वतन्त्र | ५० |
| १५ | कल्पना लावती | स्वतन्त्र | २२४ |
| १६ | केदारनाथ चापागाई | स्वतन्त्र | १६५ |
| १७ | तिर्थेश्वर चौधरी | स्वतन्त्र | २० |
| १८ | तुलसीराम काफ्ले | स्वतन्त्र | ७० |
| १९ | दिपककुमार पाठक | स्वतन्त्र | ३५६ |
| २० | भेषराज भट्टराई | स्वतन्त्र | ४१ |
| २१ | रामचन्द्र बानिया | स्वतन्त्र | ५७ |
| २२ | रेवतीरमण खनाल | स्वतन्त्र | ६३ |
| २३ | रोहितप्रसाद पौड्याल | स्वतन्त्र | ८१ |
| २४ | शान्ता अधिकारी | स्वतन्त्र | १३ |
| २५ | सीताराम पोखरेल | स्वतन्त्र | १३ |

### झापा क्षेत्र नं. ५ (१) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | हिक्मतकुमार कार्की | नेकपा एमाले | २२५३० |
| २ | जीवनकुमार राई | नेपाली कांग्रेस | १७०५८ |
| ३ | लछुमन लिम्बू | जनता समाजवादी पार्टी | ७०३ |
| ४ | सूर्यप्रसाद लिम्बू | संघीय लोकतान्त्रिक रा. मञ्च | १६५० |
| ५ | दुन्नीलाल राजवंशी | जनमत पार्टी | २४८५ |
| ६ | सत्याकुमारी राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी | २२९ |
| ७ | राजेन्द्र सुब्बा चेम्जोङ | मंगोल नेशनल अर्गनाइजेशन | ५१४ |
| ८ | उदयप्रकाश राई | राष्ट्रिय जनमुक्ति पार्टी | ३२८ |
| ९ | इन्दिरादेवी दाहाल | स्वतन्त्र | १७ |
| १० | लेखमाया श्रेष्ठ | स्वतन्त्र | १३७ |

### झापा क्षेत्र नं. ५ (२) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | होमबहादुर थजापा | नेकपा एमाले | २४१२९ |
| २ | रेवतराज पुरी | माओवादी केन्द्र | १७३१५ |
| ३ | सुदीप राई | जनता समाजवादी पार्टी | ९९४ |
| ४ | धनराज लिम्बू | संघीय लोकतान्त्रिक रा. मञ्च | १५६३ |
| ५ | छविलाल सिटौला | हाम्रो नेपाली पार्टी | २१७१ |
| ६ | महेशलाल राजवंशी | लोसपा | १८६ |
| ७ | रामलाल राई | मंगोल नेशनल अर्गनाइजेशन | ९२८ |
| ८ | कैलाश मगर | राष्ट्रिय जनमुक्ति पार्टी | ३०५ |
| ९ | डम्मरबहादुर दाहाल | स्वतन्त्र | ६५ |
| १० | तीर्थ नेपाल | स्वतन्त्र | २३८ |
| ११ | धिरज बज्राचार्य | स्वतन्त्र | ७०१ |
| १२ | मधु थापामगर | स्वतन्त्र | २२० |

### झापा क्षेत्र नं. १ (१) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | गोपाल तामाङ | नेपाली कांग्रेस | २३,०४५ |
| २ | रवीन कोइराला | नेकपा एमाले | १८६५७ |
| ३ | मीरा कार्की | जनता समाजवादी पार्टी | १२४ |
| ४ | सीता दुलाल | मौलिक जरोकिलो पार्टी | ३१८ |
| ५ | गंगालाल राजवंशी | लोकतान्त्रिक समाजवादी | ७६३ |
| ६ | सागर राई | मंगल अर्गनाइजेशन | २४५२ |

### झापा क्षेत्र नं. १ (२) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | सबिना बजगाई | राष्ट्रिय प्रजातन्त्र पार्टी | १३,६१२ |
| २ | श्यामवीर लिम्बू | माओवादी केन्द्र | १२२२५ |
| ३ | ओमप्रकाश आपुङ्ग | जनता समाजवादी | १८१ |
| ४ | प्रदीप राई | संघीय लोकतान्त्रिक र. मञ्च | ११९३ |
| ५ | कल्याण खड्का | रा. प्रजातन्त्र पार्टी, नेपाल | ४१० |
| ६ | रमा मेचे | लोसपा | १८९ |
| ७ | मोहनसिं लिम्बू | मंगोल अर्गनाइजेशन | १११२ |
| ८ | नन्दकुमार लिम्बू | राष्ट्रिय जनमुक्ति पार्टी | १९० |
| ९ | प्रकाश राई | ने. संघीय समाजवादी पार्टी | २३४ |
| १० | हिराप्रसाद पोखरेल | स्वतन्त्र | १०३६ |

### झापा क्षेत्र नं. २ (१) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | एकराज कार्की | नेकपा एमाले | १८७५८ |
| २ | भीमप्रसाद शेर्मा | संघीय लो. राष्ट्रिय मञ्च | २४५३ |
| ३ | पुष्पराज पोखरेल | एकीकृत समाजवादी | ६११० |
| ४ | रोमा देवी निरौला | मौलिक जरोकिलो पार्टी | ३७२ |
| ५ | भक्तबहादुर भुजेल | हाम्रो नेपाल पार्टी | ३२४६ |
| ६ | दुर्गाप्रसाद दाहाल | नेकपा (मार्क्सवादी लेनिनवादी) | १५९५ |
| ७ | देवनारायण धिमाल | मंगोल अर्गनाइजेशन | ७४९ |
| ८ | पार्वती माङ्मू | राष्ट्रिय जनमुक्ति पार्टी | २६७ |
| ९ | कमल सिटौला | नेपाली कांग्रेस वीपी | ११४५ |
| १० | राजु प्रसाईं | स्वतन्त्र | ५६९ |

### झापा क्षेत्र नं. २ (२) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | तिलचन पाठक | नेकपा एमाले | २०२०० |
| २ | खगेन्द्र मैनाली | नेपाली कांग्रेस | १६३५९ |
| ३ | धनबहादुर भुजेल | संघीय लो. राष्ट्रिय मञ्च | २४५५ |
| ४ | शिवप्रसाद आचार्य | लो. समाजवादी पार्टी | २११ |
| ५ | बाबुराम पौड्याल | नेकपा (मार्क्सवादी लेनिनवादी) | १०५१ |
| ६ | मंगलसिंह लिम्बू | मंगोल नेशनल अर्गनाइजेशन | ९५० |
| ७ | सन्तकुमार तामाङ | नेपाल मजदुर किसान पार्टी | १४० |
| ८ | विजय इङ्नाम (लिम्बू) | राष्ट्रिय जनमुक्ति पार्टी | ८१३ |
| ९ | रमेश कार्की | नेपाली कांग्रेस वीपी | ९२५ |
| १० | अनिरुद्र तिम्सिना | स्वतन्त्र | २६१७ |

### झापा क्षेत्र नं. ३ (१) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | बसन्तकुमार बानिया | नेकपा एमाले | १९७०१ |
| २ | भूमिप्रसाद राजवंशी | नेपाली कांग्रेस | २०७७० |
| ३ | अम्बरबहादुर लिम्बू | संघीय लोकतान्त्रिक रा. मञ्च | ५५१ |
| ४ | देवकुमार चौधरी | जनमत पार्टी | ४३६ |
| ५ | मदनहाङ तावा | मंगोल नेशनल अर्गनाइजेशन | १०१७ |
| ६ | अनुप राय | नेपाली कांग्रेस वीपी | ३५३ |
| ७ | जमालुद्दिन मिया | स्वतन्त्र | १७३ |
| ८ | हेमलाल भट्टराई | स्वतन्त्र | ४०९ |

### झापा क्षेत्र नं. ३ (२) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | छविलाल चुडाल | नेकपा एमाले | १९८७५ |
| २ | पूर्णप्रसाद राजवंशी | माओवादी केन्द्र | १३८३३ |
| ३ | ध्रुवकुमार श्रेष्ठ | जनता समाजवादी पार्टी | ९१३ |
| ४ | थिरबहादुर खवास | संघीय लोकतान्त्रिक रा. मञ्च | ७८७ |
| ५ | प्रदीपकुमार राजवंशी | जनमत पार्टी | ७६५ |
| ६ | मानप्रकाश संग्रौला | हाम्रो नेपाली पार्टी | २९०६ |
| ७ | बैजनाथ गणेश | लोकतान्त्रिक समाजवादी पार्टी | १९८ |
| ८ | नवराज खरेल | नेकपा (मार्क्सवादी लेनिनवादी) | ८६१ |
| ९ | यामकुमार श्रेष्ठ | मंगोल नेशनल अर्गनाइजेशन | १५३५ |
| १० | सोकेन्द्र राजव.शी | राष्ट्रिय जनमुक्ति पार्टी | १३० |
| ११ | त्रिलोचन मैनाली | स्वतन्त्र | ४०१ |

### झापा क्षेत्र नं. ४ (१) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | राधाकृष्ण खनाल | नेकपा एमाले | १३९५१ |
| २ | झलकबहादुर मगर | माओवादी केन्द्र | १२३७३ |
| ३ | उमानाथ दमाई | संघीय लोकतान्त्रिक रा. मञ्च | १५९१ |
| ४ | गोन्धा ताजपुरिया | जनमत पार्टी | ७८२ |
| ५ | होमप्रसाद गौत्म | हाम्रो नेपाल पाार्टी | १३४६ |
| ६ | भरत राई | मंगोल नेशनल अर्गनाइजेशन | ३८९ |
| ७ | संगीता लिम्बू | राष्ट्रिय जनमुक्ति पार्टी | १७० |
| ८ | मेहरमान बस्नेत | स्वतन्त्र | ५५ |
| ९ | रमेशप्रसाद आचार्य | स्वतन्त्र | ४१६ |
| १० | शान्तिराम न्यौपाने | स्वतन्त्र | ५७६ |

### झापा क्षेत्र नं. ४ (२) का प्रदेशसभा सदस्यका उम्मेदवारले पाएका मत

| क्र.सं. | उम्मेदवार | पार्टी | मत संख्या |
|---|---|---|---|
| १ | एकराज उप्रेती | नेपाली कांग्रेस | १५०७१ |
| २ | भक्तिप्रसाद सिटौला | राष्ट्रिय प्रजातन्त्र पार्टी | १९०४५ |
| ३ | स्वामीप्रसाद लिम्बू | संघीय लोकतान्त्रिक रा. मञ्च | २२०९ |
| ४ | उमाकान्त सिटौला | मौलिक जरोकिलो पार्टी | २६५ |
| ५ | केशव बजगाई | हाम्रो नेपाली पार्टी | ४१४२ |
| ६ | राजकुमार राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी | १९८ |
| ७ | अम्बिकाबहादुर तामाङ | मंगोल नेशनल अर्गजनाइजेशन | ९६९ |
| ८ | मंगलसिंह साम्मेखाम | राष्ट्रिय जनमुक्ति पार्टी | ४५५ |
| ९ | टेकबहादुर अधिकारी | नेकपा (मार्क्सवादी पुष्पलाल) | ४११ |
| १० | केहरसिंह बस्नेत | स्वतन्त्र | ८६३ |
| ११ | जयप्रसाद चौलागाई | स्वतन्त्र | २२९ |

## अस्पताल...

साल मंसीर ५ गते तामझामका साथ एकैपटक ३ सय ९६ वटा स्थानीय तहमा अस्पताल शिलान्यास गरेको थियो। सबै स्थानीय तहमा २ वर्षभित्र आधारभूत अस्पताल बनाउने घोषणा गरे पनि शिलान्यास भएको दुई वर्षसम्म कुनै पनि संरचना तयार भएका छैनन्। २ सय ६६ ठाउँमा त काम नै शुरु भएको छैन। ५ देखि १५ शैय्याको अस्पताल बनाउन केन्द्रसँग स्वीकृति लिए पनि २ सय ६६ पालिकाको प्रगति शून्य छ।

अझ नयाँ प्रतिनिधि चयन भएर आएपछि त पुराना आयोजना अलपत्र जस्तै भएका छन्। सरकारले २ वर्षभित्रै अस्पताल बनाइ सक्ने भनेको थियो। तर, ३ सय ९६ अस्पतालको एकैपटक शिलान्यास भएकोमा ३ सय वटा अस्पताल बनाउन मात्र प्रक्रिया पूरा भएर रकम निकासा भएको छ।

त्यसै गरी दोस्रो चरणमा २ सय ५९ अस्पताल शिलान्यास गरिएकोमा ८९ अस्पतालका लागि मात्रै बजेट निकासा भएको छ। शिलान्यास गरिएकामध्ये २ सय ६६ अस्पतालको कुनै पनि काम अघि बढेको

## मन्त्री कार्की तेस्रो कार्यकालका लागि संसद्मा प्रवेश

**झापा, मंसीर १५।** सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्की प्रतिनिधिसभा सदस्यमा सुनसरी क्षेत्र नं ४ बाट विजयी भएका छन्।

विहीवार बिहान सम्पन्न मतगणनामा मन्त्री कार्कीले ३० हजार चार सय ८३ मत प्राप्त गरे भने उनका निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का जगदीशप्रसाद कुसियैतले ३० हजार तीन सय ७१ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ। पिता कृष्णमोहन र माता अम्बिकाको कोखबाट २०१३ साल फागुन ११ गते भोजपुरमा जन्मिएका नेता कार्की २०२७ सालदेखि निरन्तर कांग्रेसको राजनीतिमा छन्।

वि.सं. २०६३मा जलस्रोतमन्त्री, २०७० सालमा संविधानसभा सदस्य र २०७४ सालमा अर्थमन्त्रीको जिम्मेवारी निर्वाह गरेका उनी २०७८ सालमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री र हाल सञ्चार तथा सूचना प्रविधिमन्त्री हुन्। यसअघि २०७४ सालमा उी सुनसरी क्षेत्र नं ४ बाटै प्रतिनिधिसभामा निर्वाचित थिए।

वि.सं. २०५८ देखि हालसम्म कांग्रेसको केन्द्रीय सदस्य रहेका उनी कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको केन्द्रीय अध्यक्ष समेत भइसकेका छन्। उनले राजनीतिक जीवनका क्रममा भोजपुर र विराटनगरमा गरी चार वर्ष जेल जीवन बिताएका थिए। उनी सुनसरीको बराह नगरपालिका-१० प्रकाशपुरमा स्थायी बसोबास गर्दै आएका छन्। उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर गरेका छन्।

## घरजग्गाको कारोबार घट्दा राजश्व प्रभावित

**झापा, मंसीर १५।** घरजग्गा कारोबारमा कमी आउँदा राजस्व सङ्कलन प्रभावित भएको छ। बैंक तथा वित्तीय संस्थामा तरलता अभाव बढ्दै जाँदा घरजग्गामा लगानी कम भएकाले कारोबार घटेको हो। जसकारण यसबाट सङ्कलन हुने राजश्व पनि घटेको छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार २०७८ साल कात्तिकमा देशभरका मालपोत कार्यालयबाट रु. पाँच अर्ब ४९ करोड ५१ लाख ८३ लाख १८ बराबर राजश्व सङ्कलन भएको थियो। तर, चालू यस वर्षको कात्तिकमा रु. तीन अर्ब ७६ लाख २५ हजार नौ सय १६ बराबर मात्रै राजस्व सङ्कलन भएको छ। विसं २०७७ कात्तिकमा रु. तीन अर्ब छ करोड २५ लाख ६३ हजार सात सय २७ बराबरको कारोबार भएको थियो।

विभागका अनुसार गत असोजमा रु. दुई अर्ब ५६ करोड ९३ लाख ४८ हजार तीन सय ९३ राजश्व सङ्कलन भएको छ। जबकी २०७८ साल असोजमा रु. सात अर्ब ३३ करोड २१ लाख १५ हजार चार सय ९६ राजस्व सङ्कलन भएको थियो भने २०७७ साल असोजमा रु. पाँच अर्ब २७ करोड २० लाख ५३ हजार आठ सय तीन राजश्व सङ्कलन भएको थियो।

विभागका अनुसार चालू आर्थिक वर्षको भदौमा रु. तीन अर्ब ५६ करोड २९ लाख तीन हजार नौ सय एक बराबरको राजश्व सङ्कलन भएको छ भने साउनमा देशभरका मालपोल कार्यालयबाट रु. दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार ५७ राजश्व सङ्कलन भएको छ।

नेपाल राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिमार्फत् घरजग्गामा जाने कर्जालाई अनुत्पादको श्रेणीमा राखेको छ। मौद्रिक नीतिमा काठमाडौं उपत्यकाभित्र मूल्याङ्कनको ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत मात्रै कर्जा दिन पाउने व्यवस्था गरेको छ। सोही व्यवस्थाका कारण पनि घरजग्गामा जाने कर्जामा कमी आएको हो। सरकारले गत जेठमा सरकारले जारी गरेको 'भूउपयोग नियमावली, २०७९'मा जग्गा वर्गीकरण नगरी बिक्री वितरणमा रोक लगाएपछि घरजग्गाको कारोबारमा कमी आएको हो। नियमावलीमा काठमाडौं उपत्यकामा पाँच सय वर्गमिटर र तराई र भित्री मधेशमा छ सय ७५ वर्गमिटरभन्दा कम जग्गाको कित्ताकाट गर्न नपाइने व्यवस्था छ।

कृषि क्षेत्रका रुपमा तोकिएको जग्गामा वर्गीकरण वा कित्ताकाट गर्न कडाई गरिएका कारण कारोबारमा मन्दी आएको देखिन्छ। जग्गा वर्गीकरण नहुँदा मालपोत र नापी कार्यालयमा पनि सेवाग्राहीको चाप कम परेको छ। सरकारले जग्गाको लिखत रजिष्ट्रेशन पारित भएको १०० वर्ष पुगेको अवसरमा भूउपयोग नियमावली सार्वजनिक गरेको थियो।

## एचआईभी ...

एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध रहेको छ। देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन भइरहेको छ।

**संक्रमण रोक्ने चुनौति**

नयाँ एचआइभी सङ्क्रमण रोक्न तथा हालसम्म सेवा नपाएका जोखिम समूहलाई प्राथमिकतामा राखी समयमा नै गुणस्तर सेवाको पहुँच पुऱ्याउनुपर्ने, प्रदेश एवम् स्थानीयस्तरमा प्रयोगशाला सम्बन्धी सेवाको क्षमता अभिवृद्धि गर्नुपर्ने, मानव संशासन, बजेट, पूर्वाधारको विकास गर्न जरुरी रहेको बताइएको छ।

यस्तै नयाँ एचआइभी सङ्क्रमितलाई उपचारका लागि रेफरको व्यवस्था गरी यथाशीध्र उपचारको व्यवस्था गर्नुपर्ने, एचआइभी सङ्क्रमितलाई प्राथमिकतामा राखी सिकिस्त सङ्क्रमित र स्वस्थ सङ्क्रमित केन्द्रीत उपचार केन्द्र सञ्चालन गर्नुपर्ने जस्ता चुनौति रहेका छन्।

यस्तै एचआइभी सङ्क्रमितको भाइरल लोड परीक्षणको सेवामा पहुँच बढाउनका लागि सातवटै प्रदेशमा भाइरल लोड परीक्षण सेवा विस्तार गर्नुपर्दछ। सन् १९८१ मा पहिलो पटक एचआइभी सङ्क्रमित फेला परेका थिए। अहिले विश्वमा आठ करोड ४२ लाख मानिस एचआइभी सङ्क्रमित रहेका छन्। अहिलेसम्म विश्वमा एड्सका कारणले चार करोड १० लाख मानिसको मृत्यु भएको तथ्याङ रहेको छ। सन् २०२१ को अन्त्यसम्म संसारमा तीन करोड ८४ लाख मानिस एचआइभी सङ्क्रमित भएका छन्।

सन् १९९६को तुलनामा सन् २०२१ मा ५४ प्रतिशतले नयाँ सङ्क्रमित घटेको पाइएको छ। सन् २०२१ मा १५ लाख नयाँ सङ्क्रमित फेला परेका थिए। सन् १९९० देखि २०२१ सम्म एचआइभीको अवस्था हेर्दा सन २०२५ मा नयाँ सङ्क्रमण घटाउने लक्ष्य देखाइएको छ। सन् २०२१ मा एक लाख ५० हजार बच्चामा नयाँ सङक्रमण देखिएको जनाइएको छ। त्यो २०१० को तुलनामा ५२ प्रतिशतले घटेको हो। सन् २०१० मा तीन लाख २० हजारमा नयाँ सङ्क्रमित रहेका थिए। सन् २०२१ मा छ लाख ५० हजार व्यक्तिको एड्सका कारणले मृत्यु भएको तथ्याङ्क रहेको छ। त्यो २०१० को तुलनामा ५२ प्रतिशतले कम हो।

सन् २०१० मा १४ लाख मानिसको विश्वमा एड्सका कारणले मृत्यु भएको थियो। विश्वमा कूल सङ्क्रमितमा तीन करोड ८४ लाखमध्ये दुई करोड ८७ लाखले मात्र एन्टिरेट्रोभाइरस (एआरभी) उपचारमा रहेका छन्। विश्वमा हरेक दिन चार हजार जना र नेपालमा हरेक दिन दुई जना एचआइभी सङक्रमित हुने गरेका छन्।

आज डिसेम्बर १ तारिख नेपालसहित विश्वभरि नै ३५औं विश्व एड्स दिवस 'एड्स अन्त्यका लागि समानताको सुनिश्चतता' भन्ने नाराका साथ मनाइँदै छ।

छैन। संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा राखेर आधारभूत स्वास्थ्यलाई निःशुल्क हुने भनेको छ। तर, आधारभूत सेवा लिनै नागरिकले सास्ती भोग्नुपर्छ। त्यसो त कतिपय स्थानीय तहले स्वास्थ्यका संरचना बनाउन चासो नदिएको पाइन्छ। अझ आवश्यक उपकरण र जनशक्तिको समेत अभाव छ। यस्तो अवस्थामा संघीय सरकारले नै समस्या समाधानको पहल गर्नुपर्ने देखिन्छ।

## नेकपा ...

छ। ३ प्रतिशत कटाउन अब उसलाई ०.१५ प्रतिशत मत आवश्यक छ। अब केही लाखमात्रै मत गन्न बाँकी छ।

**सबै प्रदेशमा थ्रेसहोल्ड कट्यो**

एकीकृत समाजवादीले प्रदेशसभामा भने सातै प्रदेशमा थ्रेसहोल्ड कटाएको छ। प्रदेशमा १.५ प्रतिशत मत पाउँदा थ्रेसहोल्ड कट्ने भएकाले एकीकृत समाजवादीलाई सजिलो भएको हो। एकीकृत समाजवादीले कर्णालीमा ६ प्रतिशत मत पाएको छ भने सुदूरपश्चिममा ४.९८ प्रतिशत मत समानुपातिकतर्फ पाएको छ।

सबैभन्दा कम गण्डकीमा उसले १.५९ प्रतिशत मात्र मत पाएको छ। तर, यो थ्रेसहोल्ड भन्दामाथि हो। एकीकृत समाजवादीले लुम्बिनीमा २.२५ प्रतिशत मत पाएको छ भने बागमतीमा ३.४७ प्रतिशत, मधेश प्रदेशमा ५.५५ प्रतिशत र प्रदेश १मा ३.०३ प्रतिशत मत समानुपातिकतर्फ पाएको छ।

## युट्युवमार्फत ...

विभिन्न आक्षेप तथा लाञ्छना लगाई समाजमा अपाच्य हुने शब्दहरुको प्रयोग गरी नकारात्मक सन्देश प्रवाह गर्ने र निर्वाचनमा खटिएका सुरक्षाकर्मीको चरित्रमा समेत दाग लगाउने खालको श्रव्यदृश्य बनाई युट्युव तथा फेसबुकमार्फत प्रशारण गर्ने कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको सहयोगमा नेपाल प्रहरी प्रधान कार्यालय साइबर व्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट सात दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

**आवश्यकता**

वेटरः ५ जना
हाउस किपिङः ५ जना
सेफ : २ जना
तलबः आपसी समझदारीमा
मो. ९८५२६६६५२६, ९८०१४००५७४

**फ्ल्याट भाडामा**

बिर्तामोड नगरपालिका-५स्थित न्यूट्न्स बोर्डिङ छेउमा रहेको घरको फ्ल्याट तथा सिंगल कोठाहरु भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

नोटः उपयुक्त मूल्य पाएमा घर पनि बिक्री गरिनेछ। साथै जग्गासंग सट्टापट्टा पनि गरिनेछ। मौकाको फाइदा उठाउनुहोस्।

मो. ९८५२६७३७६९, ९८०४९४९१५०

**उत्पादन बढाऔं र मितव्ययी बनौं।**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# शान्त बिद्रोह र अपेक्षा

**मंसीर ४ गते सम्पन्न निर्वाचनको परिणाम लगभग आइसकेको छ । यद्यपि प्रत्यक्ष तर्फको तीन वटा क्षेत्रको नतिजा सार्वजनिक भइसक्न अझै दुई–चार दिन लाग्न सक्छ । सँगै समानुपातिक तर्फको मतगणनाको परिणामले सरकार गठनमा योग पुऱ्याउने कारणले सम्पूर्ण नतिजाको प्रतिक्षा गर्नैपर्छ । यसैबीच सत्तारुढ गठबन्धन दलले सरकार गठनका लागि पहल थालेको छ । तर, गठबन्धनकै मुख्य दल नेपाली कांग्रेसभित्र सरकारको नेतृत्व गर्ने सवालमा मतभिन्नता देखिएको छ । त्यसमाथि आममतदाताको नयाँ अनुहार र नयाँ दलप्रतिको आकर्षणले परम्पराको निरन्तरतामा सन्देह उत्पन्न गरेको छ । यसपटक पुराना र स्थापित दलहरुप्रति विकर्षण र नयाँ जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टीप्रति आकर्षण देखिनु मतदाताको चेतना बढ्नु हो । यसलाई शुभ संकेत र मतदाताको शान्त र शालीन बिद्रोही मान्नु पर्दछ ।**

**पुराना र परम्परागत दल र नेताहरुबाट मतदाताले नयाँपन नपाएकै कारण यस्तो विद्रोह गरेका हुन् । त्यही दलले समानुपातिकतर्फ प्राप्त गरेको मतले पनि जनादेश नवीनताकै पक्षमा छ भन्ने अर्थ दिन्छ । एक त यसपटक विगतभन्दा कम प्रतिशत मत खसेको छ, अर्को नयाँ पात्र, विचार आशाका केन्द्र बनिएका छन् । पटक–पटकको आन्दोलनमा सहभागी मतदाता व्यवस्था बदलिएर पनि अवस्था नबदलिएका कारण दिक्क थिए । बेथिति, विकृति, विसंगति, भ्रष्टाचार र कुशासन चुलिएका थिए । त्यही कारण पनि मतदाता कुशासनको साम्राज्य तोड्न शान्त विद्रोहको बाटो रोज्न बाध्य भए ।**

**मतदाताको यावत असन्तुष्टिले स्वतन्त्र लगायतका नयाँ अनुहारलाई संसद यात्राको अवसर प्राप्त भएको छ । त्यसैले अनुहारले मात्र नेपालीको इच्छा, सपना र आवश्यकतालाई पूरा गर्न सक्दैन । परिवर्तनको आभाष पनि गराउने छैन । नयाँ दल, अनुहार, नयाँ ऊर्जा र सामर्थ्य यथास्थितिको अन्त्यका लागि उपयोग हुनुपर्दछ । उनीहरुको उपस्थितिले कांग्रेस, एमाले लगायतका दलहरुको निरंकुशता र एकाधिकारको अन्त्य गर्दै देशलाई सुशासनतर्फ उन्मुख गराउनु पर्दछ । देशमा विद्यमान विकृतिहरु हटाएर स्वस्थ र समृद्ध समाज निर्माण गर्न नयाँ दल र अनुहार परिवर्तनकारी नेतृत्वका रुपमा अघि बढ्नुपर्छ, यो नै बिद्रोही मतको सन्देश पनि हो ।**

# महिनावारी : त्रास, कौतुहलता र समाधान



सरिता ढकाल



महिलाहरुमा उमेर समूह अनुसार मासिक श्राव ( महिनावारी) सम्बन्धमा विविध धारणा र विचारहरु रहेको पाइन्छ। झनै पहिलो पटक महिनावारी हुँदा त युवतीहरुमा अनेक त्रास, कौतुहलता र जिज्ञासा हुने गर्दछन् भने उमेर ढल्कँदै गएका महिलाहरुमा महिनावारी रोकिँदा धेरैथरी रोग सम्बन्धी शंका-उपशंका उब्जेर मानसिक विक्षिप्तता देखा पर्दछन् ।

किनकि यो नितान्त व्यक्तिगत र गोप्य समस्याका रुपमा महिलाहरुले ब्याख्या गर्दछन् । स्त्री जातिमा देखापर्ने यो प्राकृतिक प्रक्रिया सामान्यतयाः १३-१४ वर्षको उमेरदेखि नै शुरु हुन्छ। कसै-कसैमा यो प्रक्रिया एकदमै पीडादायी र कष्टकर हुन्छ भने कसै-कसैमा महिनावारी शुरु भएर एक या दुई वर्षपछि बन्द हुने पनि गर्दछ। जसले गर्दा किशोरीहरु बढिमात्रामा निराश र चिन्तित देखिन्छन् । उनीहरुमा गर्भवती भइयो कि भन्ने त्रास उत्पन्न हुने गर्दछ। यस्तो शुरु भएको महिनावारी रोकिने समस्यालाई स्वास्थ्य विधामा एमेनोरीया भन्ने गरिन्छ भने महिनावारी भएको बेलामा अत्यधिक दुखाई हुने समस्यालाई डिस्मेनोरिया भन्ने गरिन्छ। यस्तो समस्या प्रायः स्कूल, कलेजका छात्राहरुमा पाउने गरिन्छ।

आन्तरिक तथा बाह्य प्रजनन् अङ्गहरुको अपरिपक्वता र शरीरभित्र पैदा हुने रसायनहरुको गडबढिका कारण प्रायः यस्तो कष्टकर मासिक श्राव ( महिनावारी) हुने गर्दछ। यो पीडा यस्तो हुने गर्दछ कि किशोरीहरु कुनै बेला बेहोस समेत हुने गर्दछन् । पाठेघर (बच्चादानी) संकुचन तथा त्यसको भित्री तह (Endometrium) निमार्ण गर्न, भत्काउन या टुक्र्याउन अथवा महिनावारी गराउन पाठेघर अण्डाशयमा दुई प्रकारका रसायनहरु (Hormones) पैदा हुने गर्दछन् । जुन मस्तिष्कद्वारा नियन्त्रित हुन्छ। यी दुई रसायनहरु ( Oestrogen and Progestrone) बाहेक वंशाणुगत, पोषण तथा वातावरणीय पक्षहरुको पनि त्यतिकै महिनावारीमा भूमिका हुने गर्दछन् ।

सामान्यतयाः अण्डाशय (Ovary)ले उत्पादन गरेको अण्ड (Ova) फर्टिलाईजेशन नभएमा (पुरुषको वीर्यसँग मेल नभएमा) पाठेघरको ओसिलो र नरम भित्री तह टेक्रिन्छ र महिनावारीको रुप देखा पर्दछ। यही बेला पाठेघरको परिपक्वता नभएमा र माथिका दुई रसायनहरुको सन्तुलन बिग्रिएमा तल्लो पेट बढी दुख्ने गर्दछ भने भित्री तहमा कुनै खराबी आएमा बढि रक्तश्राव हुने गर्दछ। किशोर अवस्थामा महिनावारी नै नहुनु धेरै कारणहरु हुने गर्दछन् यदि शारीरिक सम्पर्कको इतिहास छैन भने रगतको कमी या अण्ड उत्पादन प्रक्रियामा गडबढी आएको हुनुपर्दछ।

त्यसैगरी पाको उमेर या ४० वर्षको उमेरपछि प्रायः ५० वर्षसम्ममा महिनावारी एक वर्षभन्दा बढी हुँदैन या रोकिन्छ भने यसलाई पनि सामान्य प्राकृतिक प्रक्रियाको रुपमा लिनु पर्दछ। जसलाई स्वास्थ्य विज्ञहरुले मेनोपेजको संज्ञा दिने गर्दछन् । यस बेलामा महिलाहरुमा रिस उठ्ने, चिड्चिडोपन हुने, चिट-चिट पसिना आउने, छिन-छिनमा गर्मी भयो भन्ने, निन्द्रा नलाग्ने, मनमा नकारात्मक कुराहरु आउने, आत्मबलमा कमि आउने, यौन सम्पर्कमा रुची नहुने, योनी सुख्खा हुने, सम्पर्कको बेला पीडा हुने इत्यादि समस्याले ग्रसित बनाउने गर्दछ। महिनावारी पन्ध्र-पन्ध्र दिनमा हुने, कसैमा तीन-तीन महिना वा कसैलाई छ-छ महिनामा हुने गर्दछ। कसै-कसैलाई धेरै रगत बगेर हस्पिटल नै भर्ना हुने अवस्था समेत आउन सक्दछ।

मेनोपज या महिनावारी रोकिने उमेर पछाडि या रोकिएपछि महिलाहरुलाई आवश्यकता अनुसार शारीरीक व्यायामको जरुरी पर्दछ भने खानपानमा विशेष विचार पुऱ्याउनु पर्दछ। यस्ता महिलाहरुले आफ्नो खानामा चिल्ला तथा गुलिया पदार्थहरु कम गर्दै फलफूल, सागपात, सीमी, मस्यौरा, भटमास इत्यादि जस्ता खानेकुरामा प्राथमिकता दिनु पर्दछ। त्यस्तै कम चिल्लो पदार्थ मिसिएको डेरी उत्पादनहरु, माछा, च्याउ, ब्रोकाउली, ओखर, बदाम, पेश्ता इत्यादीको सेवन उपयुक्त हुन्छ। व्यायाममा आफ्नो जीवनशैली परिवर्तन गर्दै साइकिलिङ, सुइमिङ, मर्निङ वाक, गल्फ, टेनिस इत्यादिलाई प्राथमिकता राखखेर शरीरलाई तन्दुरुस्त राखी मन बहलाउनु पर्दछ। मेनोपज पछाडि फोहोर पानी बग्ने, गन्हाउने, पाठेघर झरेको जस्तो अनुभव हुने, तल्लो पेट धेरै फुलिए जस्तो लाग्ने र तिखो प्रकारले दुख्ने भएमा भने विशेष प्रकारका उपचार पद्धति अपनाउन जरुरी छ।

किशोरीहरुमा भने महिनावारीमा हुने धेरै पीडा ( डिस्मेनोरीयामा) दुखाई कम गर्ने औषधि केही दिन आवश्यकता अनुसार सेवन गर्न सकिन्छ भने महिनावारी रोकिने समस्या (एमेनोरीया) आफै विस्तारै सन्तुलनमा आउन सक्दछ। तर, किशोरी अवस्थामा हुने अधिक रक्तश्रावसँगैको पीडा लामो समयसम्म भएमा भने स्वास्थ्य संस्थाहरुबाट रगत बढाउने आइरन चक्की लिएर सेवन गर्दै कतिपय अवस्थामा महिला रोग विशेषज्ञको उपचार पद्धति अपनाउनुपर्ने हुन्छ। यसरी किशोरीहरुले तथा महिलाहरुले महिनावारीमा हुने विभिन्न अवस्था र पक्षहरुलाई एक प्राकृतिक प्रक्रियाको रुपमा समायोजन गर्दै आफ्नो सहपाठी एवम् सहकर्मीलाई प्रष्ट पार्न र चेतना जगाउन जरुरी छ।

*saritadhakal2041@gmail.com*

# संसदमा महिला र दलितको उपस्थिति कमजोर

**झापा, मंसीर १५।** प्रतिनिधिसभामा महिला र दलित समुदायको उपस्थिति अत्यन्त कमजोर देखिएको छ ।

एक सय ६५ प्रतिनिधिसभा सदस्यमध्ये हालसम्म एक सय ६२ स्थानको अन्तिम परिणाम सार्वजनिक भइसकेको छ । प्रतिनिधिसभामा अहिलेसम्मको एक सय ६१ सिटमध्ये पाँच प्रतिशत अर्थात् नौ जना मात्रै महिला निर्वाचित भएका छन् । नेपाली कांग्रेसबाट एक, नेकपा (एमाले)बाट चार, नेकपा (माओवादी केन्द्र)बाट एक, राष्ट्रिय स्वतन्त्र पार्टीबाट दुई तथा नागरिक उन्मुक्ति पार्टीबाट एक महिला निर्वाचित भएका छन् ।

एमालेबाट कास्की क्षेत्र नं. २ बाट नेकपा ( एमाले)की केन्द्रीय सदस्य विद्या भट्टराई, धनुषा क्षेत्र नं. ३ बाट एमाले पोलिटब्यूरो सदस्य जुलीकुमारी महतो, बारा क्षेत्र नं. ३ बाट पार्टी पोलिटब्यूरो सदस्य ज्वालाकुमारी साह र केन्द्रीय सदस्य भगवती चौधरी सुनसरी निर्वाचन क्षेत्र नं. ३ बाट निर्वाचित भएकी हुन् ।

दाङ क्षेत्र नं. २ बाट नेकपा (माओवादी केन्द्र) की नेत्री रेखा शर्मा निर्वाचित भएकी हुन् । तेह्रथुमबाट कांग्रेसकी केन्द्रीय सदस्य सीता गुरुङ निर्वाचित भएकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा. तोसिमा कार्की र सोविता गौतम निर्वाचित भएका छन् । कार्की ललितपुर क्षेत्र नं. ३ र गौतम काठमाडौं क्षेत्र नं. २ बाट निर्वाचित भएका हुन् ।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ कैलाली क्षेत्र नं. १ बाट निर्वाचित भएकी हुन् । संसद्मा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने संवैधानिक व्यवस्था छ । दलित समुदायबाट प्रतिनिधित्व गर्ने एकजना मात्रै छन् । नेकपा ( एमाले)का सचिव छविलाल विश्वकर्मा रुपन्देही निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित भएका छन् ।

वि.सं. २०६४ सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा छ सय एक जनामध्ये ५१ जना ( आठ दशमलव ४८ प्रतिशत) दलितको प्रतिनिधित्व थियो । ती मध्ये तत्कालीन नेकपा ( माओवादी)बाट सात जना प्रत्यक्ष निर्वाचित भएका थिए ।

वि.सं. २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा दलितको प्रतिनिधित्व ५१ बाट घटेर ४१ जना (छ दशमलव ८२ प्रतिशत)मा झऱ्यो । जसमध्ये दुई जना नेकपा (एमाले)बाट प्रत्यक्ष निर्वाचित भएका थिए । संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको निर्वाचन, २०७४ मा १९ जना (छ प्रतिशत) दलितको प्रतिनिधित्व भयो । एमालेबाट दुई र माओवादी केन्द्रबाट एक जना प्रत्यक्ष निर्वाचित भएका थिए ।

## २०% आदिवासी जनजाति निर्वाचित

**झापा, मंसीर १५।** मंसीर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि हालसम्म एक सय ६२ स्थानको मतपरिणाम सार्वजनिक भइसकेको छ ।

दोखलाका १० मतदान केन्द्रमा बिहीबार पुनः मतदान भएको छ भने स्याङ्जामा मतगणना जारी छ । हालसम्मको मतपरिणाम अनुसार प्रतिनिधिसभा सदस्यमा निर्वाचित ३२ जना अर्थात् करिब २० प्रतिशत आदिवासी जनजाति छन् ।

जसअनुसार नेकपा (एमाले)का तर्फबाट धनकुटा-१ बाट राजेन्द्रकुमार राई, पाँचथर-१ बाट वसन्तकुमार नेम्वाङ, सोलुखुम्बु-१ मा मानवीर राई, खोटाङ-१ मा रामकुमार राई, इलाम-२ बाट सुवास नेम्वाङ, झापा-४ बाट लालप्रसाद साँवा लिम्बू निर्वाचित भएका छन् । साथै, एमालेका तर्फबाट सिराह-३ बाट लिलानाथ श्रेष्ठ, काठमाडौं-९ बाट कृष्णगोपाल श्रेष्ठ, ललितपुर-२ बाट प्रेमबहादुर महर्जन, कास्की-१ बाट मनबहादुर गुरुङ, लमजुङ-१ बाट पृथ्वीसुब्बा गुरुङ, कञ्चनपुर-१ बाट तारा लामा तामाङ गरी जम्मा १२ जना निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा सदस्यमा आदवासी जनजातिमा नेपाली कांग्रेसका तर्फबाट तेह्रथुम-१ मा सीता गुरुङ, मोरङ-१ मा डिगबहादुर लिम्बू, रामेछाप-१ मा पूर्णबहादुर तामाङ, मनाङ-१ मा टेकबहादुर गुरुङ र मुस्ताङ-१ मा योगेश गौचन थकाली निर्वाचित भएका हुन् । नेकपा (माओवादी केन्द्र)का बाट भोजपुर-१ मा सुदन किराँती, काभ्रेपलाञ्चोक-१ मा सूर्यमान तामाङ (दोङ), नुवाकोट-१ मा हितबहादुर तामाङ, रुकुमपूर्व-१ मा पूर्णबहादुर घर्तीमगर, रोल्पा १ मा वर्षमान पुन, हुम्ला १ मा छिरिङ डम्डुल लामा (भोटे) निर्वाचित भएका हुन् ।

त्यसैगरी नेकपा (एकीकृत समाजवादी)का तर्फबाट डोटी-१ मा प्रेमबहादुर आले, डोल्पा-१ मा धनबहादुर बुढा, बारा-४ मा कृष्णकुमार श्रेष्ठ, डोल्पा-१ मा धनबहादुर बुढा, दैलेख-१ मा अम्मरबहादुर थापा गरी पाँच जना सदस्य छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झापा-१ मा राजेन्द्रप्रसाद लिङ्देन र जनता समाजवादी पार्टी, नेपालका तर्फबाट सुनसरी-१ मा अशोककुमार राई निर्वाचिन भएको निर्वाचन आयोगले जनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट काठमाडौं-८ मा विराजभक्त श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीबाट कैलाली १ बाट निर्वाचित रञ्जिता श्रेष्ठ पनि आदिवासी जनजाति हुन् ।

# सम्योग सम्बृद्धिको सभा




**भद्रपुर, मंसीर १५।** भद्रपुर-१० स्थित सम्योग सम्बृद्धि बहुउद्देश्य सहकारी संस्थाको नवौं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

सहकारीले भद्रपुरमा आयोजित एक कार्यक्रमकाबीच विभिन्न व्यक्तिलाई सम्मान गर्दै साधारसभा सम्पन्न गरेको हो । सहकारीले साधारणसभाको अवसरमा उत्कृष्ट कर्मचारीतर्फ रुपमा हिराकुमारी कार्की, बजार प्रतिनिधि लक्ष्मी बुढाक्षेत्री, व्यवस्थापक खगेन्द्र बानियाँ, ज्येष्ठ बचतकर्ता अमृतबहादुर बोहोरा र असल ऋणितर्फ रुपमा द्रोणचार्य न्यौपानेलाई सम्मान गरेको हो ।

साधारणसभामा सञ्चालक समितिको तर्फबाट सहकारीका अध्यक्ष विनोद चौहानले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा हाल संस्थाको शेयर पुँजी एक करोड ५५ लाख २९ हजार छ सय रहेको उल्लेख गरिएको छ । नौ बर्षअघि ३३ जना शेयर सदस्यबाट शुरु भएको संस्थामा हाल दुई हजार चार सय ६० जना शेयर सदस्य रहेको उल्लेख गरिएको छ ।

युवा व्यवसायी तथा समाजसेवी उपेन्द्र बाँनियाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष मेघनाथ निरौला, खगिन्द्रा खुशी, धिरेन्द्रकुमार यादव लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# लुइँटेल परिवारमा शोक



**कनकाई, मंसीर १५।** सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्व मोहन लुइँटेललाई मातृशोक परेको छ ।

कनकाई नगरपालिका - ८ निवासी गंगादेवी लुइँटेलको ८९ वर्षको उमेरमा निधन भएको हो । केही समयदेखि अस्वस्थ रहेकी लुइँटेलको जन्म १९९० साल फागुन १० गते भोजपुरमा भएको थियो । स्व. लुइँटेलका तीन छोरा र ५ छोरी रहेका छन् । पाँच छोरीमध्ये साइली छोरी मुना दुलाल र पति नारायण प्रसादको यसअघि नै निधन भइसकेको छ ।

लुइँटेलका तीन छोरा-बुहारीहरुमा रामप्रसाद-कविता, देवीप्रसाद-अंविका र मोहन-उमा लुइँटेल रहेका छन् । त्यस्तै छोरीहरुमा पवित्रा कार्की, तुलसा चापागाई, मनमाया लुइँटेल, मेनुका भट्टराई रहेका छन् । लुइँटेलको कनकाई माइमा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

# सडक धुलाम्मे हुँदा...

**पथरीशनिश्चरे, मंसीर १५।** मोरङ्गको बेलबारीका स्थानीयले सडकमा दिनहुँ धुलाम्य हुँदा जनजीवन असहज भएको स्थानीयको गुनासो गरेका छन् ।

बेलबारी-नगरपालिकाको वडा नं.५, ६ र ७ पर्ने मोरङ सुनसरी सिँचाई आयोजनासँग जोडिएको ग्राभेल सडकमा दिनहुँ टिपर अनियन्त्रित रूपमा गुड्दा धुलाम्य भएर सासै फेर्न असहज भएको स्थानीयले गुनासो गरेका हुन् ।

चिसाङ र लोहोन्द्रा खोलाबाट दैनिक गिट्टी र बालुवा बोकेर हिँड्ने दर्जनौं टिपरका कारण दिनहुँ



सडक र आसपास धुलाम्मे हुने गरेको उनीहरुको भनाइ छ ।

स्थानीयले धुलो नियन्त्रणको लागि टिपर ड्राइभरलाई पटक-पटक सडकमा पानी हाल्न र धुलो नियन्त्रणमा आग्रह गर्दासम्म बेवास्ता गर्ने गरेको स्थानीयको गुनासो छ ।

# चार महिनामा ३७ जना एचआइभी एड्सबाट संक्रमित




**झापा, मंसीर १५।** झापामा चार महिनाको अवधिमा ३७ एचआइभी एड्स संक्रमित थपिएका छन् ।

यस वर्षको साउनदेखि कात्तिकसम्ममा सो संख्यामा एचआइभी एड्स संक्रमित थपिएका हुन् । स्वास्थ्य कार्यालय झापाका एचआइभी एड्स फोकल पर्सन वीरेन्द्र दासका अनुसार दमकस्थित दमक अस्पताल मार्फत औषधि सेवन गर्ने गरी ११ तथा प्रादेशिक अस्पताल भद्रपुरमार्फत औषधि सेवन गर्ने गरी २६ एचआइभी संक्रमित थपिएका हुन् ।

गत वर्ष ३० जनामा एचआइभी एड्स संक्रमण भएको थियो । जिल्लामा हाल छ सय ३६ एचआइभी संक्रमितले नियमित औषधि (एआरटी) सेवन गरिरहेका छन् ।

दमक अस्पताल अन्तर्गत दुई सय ११ र प्रादेशिक अस्पताल भद्रपुरअन्तर्गत चार सय २५ जनाले एआरटी औषधि सेवन गरिरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । 'एड्स अन्त्यका लागि समानताको सुनिश्चितता गरौं' नाराका साथ बिहीबार जिल्लामा विविधि कार्यक्रम गरी 'विश्व एड्स दिवस' मनाइएको छ ।

# नारायणगोपाल स्मृति साँझ हुने




**बिर्तामोड, मंसीर १५।** साहित्य चौतारी झापाले मंसीर १७ गते मासिक सांगीतिक काव्यसभा आयोजना गरेको छ ।

विशिष्ट गायक तथा संगीतकार कर्म योञ्जनको प्रमुख आतिथ्यमा कार्यक्रम आयोजना गरिएको हो । संगीतकार जीवन अधिकारी तथा विष्णु अधिकारीको विशेष उपस्थितिमा कार्यक्रम हुने बताइएको छ ।

मासिक सांगीतिक काव्यसभाको अवसरमा गायक तथा संगीतकार बलराम राजवंशीलाई विशिष्ट प्रतिभा सम्मानद्वारा सम्मान गरिने साहित्य चौतारीका संरक्षक देवीभक्त श्रेष्ठले बताए । कार्यक्रममा संस्थाका कला विधाका पूर्व उपाध्यक्ष मूर्तिकार हिम्मत नेम्वाङको विशेष प्रस्तुति रहने छ ।

साहित्य संगीत र कलाका नियमित कार्यक्रम पनि राखिएको छ । बिहान ११ बजेदेखि ३ बजेसम्म मासिक सांगीतिक काव्यसभा हुनेछ । सोही दिन ५ बजेदेखि स्वर सम्राट नारायण गोपालको ३२औं स्मृति साँझ कार्यक्रम आयोजना गरिएको छ ।

विशिष्ट गीतकार शिवशंकर थापाको प्रमुख आतिथ्यमा आयोजना गरिएको कार्यक्रममा लामो समयदेखि साहित्य, संगीत र कलाको क्षेत्रमा अनरवत सक्रिय प्रतिभा कर्म योजनलाई अभिनन्दन गरिनेछ ।

चार दशकदेखि भाषा, कला र साहित्यको श्रीवृद्धिमा संलग्न जीवन अधिकारी र विष्णु अधिकारीलाई दीर्घ साधना सेवा सम्मान प्रदान गर्ने निर्णय भएको श्रेष्ठले जानकारी दिए ।

नारायण गोपाल स्मृति साँझमा जिल्लास्थित प्रशासन तथा सुरक्षा निकायका प्रमुख, विभिन्न संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधि, व्यवसायी, भाषा,कला र साहित्यका प्रतिभा, सष्टा तथा सर्जकलाई आमन्त्रण गरिएको आयोजकले जनाएको छ ।

# अग्रवाल दम्पत्तिद्वारा सहयोग



**बिर्तामोड, मंसीर १५।** बिर्तामोडका व्यवसायी तथा मारवाडी सेवा समिति बिर्तामोडका निवर्तमान अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरे-मायादेवी अग्रवालले आफ्नो ४२औं विवाह वर्षगाठमा आर्थिक सहयोग गरेका छन् ।

अग्रवालले बिर्तामोड-१ मा रहेको झापा नाटक घरको निर्माण पूरा गर्न ५१ हजार रुपैयाँ प्रदान गरेर वैवाहिक वर्षगाठ मनाएका हुन् । अग्रवाल दम्पत्तिले ४२औं विवाह वर्षगाठको प्रतिकको रुपमा त्यहाँ रहेको ४२ वटा दीप प्रज्ज्वलित गरेका थिए । विवाह वर्षगाठ मनाउन आफ्ना अग्रज र साथीभाईसँग झापा नाटक घर पुगेका उनीहरुलाई क्षितिज नौमती बाजा व्यवस्थापन समितिका महिलाले नौमती बाजा बजाएर उनीहरुको स्वागत गरेका थिए । पुरुषले सरह नौमती बाजा बजाएर आफ्नो मौलिक बाजागाजा र संस्कृतिको संरक्षण गरेको भन्दै अग्रवाल दम्पत्तिले क्षितिज नौमती बाजा व्यवस्थापन समितिका महिलालाई नगद १० हजार रुपैयाँ सहयोग गरेका थिए ।

मारवाडी समुदायका अग्रज तथा सुरेशकुमार अग्रवाल भद्रपुरेका दाजु राजकुमार अग्रवालको अध्यक्षता तथा अग्रसेन भवनका संस्थापक सुरेशकुमार वंशलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा क्षितिज साहित्य प्रतिष्ठानका अध्यक्ष तुलसीप्रसाद भट्टराईले स्वागत गरेका थिए । कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष सञ्जीव घिमिरे, मारवाडी सेवा समिति बिर्तामोडका निवर्तमान अध्यक्ष पवन खेडिया लगायतले शुभकामना दिएका थिए ।

त्यस्तै रोटरी क्लव डिष्ट्रिक ३२९२ एडीसनल गर्भनर निकिता गिरीले अग्रवाल दम्पत्तिको सफल वैवाहिक जीवनको कामना गर्दै झापा नाटक घरलाई ५१ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरिन् ।

कार्यक्रममा क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय सदस्य माधव सिटौलाले गीत प्रस्तुत गरेका थिए । क्षितिज नाट्य प्रतिष्ठानका पदाधिकारीहरुले अग्रवाल दम्पत्तिलाई मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रमको सञ्चालन क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय अध्यक्ष माधव कल्पितले गरेका थिए ।

# पेस्तोल र लागूऔषधसहित तीन जना पक्राउ



**झापा, मंसीर १५।** सिरहाको गोलबजार नगरपालिका-११ बलकवा मैनाबती पुलबाट बाह्रबोरको कट्टुवा पेस्तोल एक थानसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा गोलबजार नगरपालिका-४ बस्ने १९ वर्षीय कृष्णाकुमार यादव र सोही नगरपालिका-११ बलकवा बस्ने २१ वर्षीय मोहम्मद अरमान खान रहेका छन् । इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोलसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

यता उदयपुरको कटारी नगरपालिका-६ साँगुरीबाट अवैध लागूऔषध गाँजा करिब ६० केजीसहित ताप्ली गाउँपालिका-२ धपने बस्ने २७ वर्षीय सरोज राईलाई प्रहरीले पक्राउ गरेको छ ।

राईले ताप्लीबाट मिर्चैयातर्फ तीन वटा बोरामा उक्त परिमाणको गाँजा लैजाँदै गरेको अवस्थामा प्रहरी चौकी रिस्कुबाट खटिएको प्रहरीले फेला पारी पक्राउ गरेको जनाइएको छ ।


## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कर्मचारी आवश्यकता

कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।

पद : PRO
संख्या : ८ जना
तलब : १५,१००/-
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह ।

सम्पर्क :
**ग्रेट फ्युचर मार्ट**
बिर्तामोड-४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही मंसीर १७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदैहुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८४०३२६६२)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## सादर निमन्त्रणा

यही मिति २०७९ मंसीर १६ गतेदेखि मंसीर २२ गतेसम्म श्री हरिहरधाम बेलगाछी बिर्तामोड नगरपालिका-६ बुट्टाबारीको आयोजनामा श्रीमद् नृसिंह सप्ताह उपपुराण धान्याञ्चल विराट महायज्ञ कथावाचन आ. खगेन्द्र अधिकारी तथा पाठ परायण, पं. अनिरुद्र पौडेलज्यूका मुखारविन्दबाट सम्पन्न हुन गइरहेकोले आदरणीय धर्मप्रेमी, धर्मानुरागी सज्जन महानुभावहरु स-परिवार पाल्नु भई आध्यात्मिक ज्ञान अमृत रसास्वादन गर्नुहुन सादर निमन्त्रणा गर्दछौं ।

**कार्यक्रमहरु :**
- मंसीर १६ गते बिहान ८:०० बजे मण्डप पूजा
- " बिहान १०:०० बजे शोभायात्रा
- " बिहान ११:३० बजे उद्घाटन
- " दिउँसो १:०० बजे प्रारम्भ

मंसीर २१ गते साँझ ५:३० बजे लक्ष्वर्तिका प्रज्ज्वल श्रृंगार आरती
मंसीर २२ गते दिउँसो १:०० बजे पूर्णाहुति, तिलकप्रसाद वितरण

**नोटः दैनिकरुपमा तुलादान (द्रब्य, अन्न, नुन, फलफूल इत्यादिबाट)**

**श्री हरिहर आश्रम गुरुकुल मूल समिति तथा श्री नृसिंह सप्ताह उपपुराण महायज्ञ आयोजक समिति**
बिर्तामोड नपा-६, बुट्टाबारी, झापा

## नेपाल रेडक्रस सोसाइटी
### बुद्धशान्ति उपशाखा कार्यसमितिको निर्वाचन
### निर्वाचन कार्यक्रमको सूचना

नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (संशोधन, २०७५) को परिच्छेद १४ तथा नेपाल रेडक्रस निर्वाचन नियमावली, २०४९ (संशोधनसहित) बमोजिम यही २०७९ मंसीर २४ गते हुने उपशाखा कार्यसमितिको सभापति १, महिला उपसभापति १, सचिव १, कोषाध्यक्ष १, उप-सचिव १, उप-कोषाध्यक्ष १, महिला सदस्य १ र सदस्य ४ पदका लागि हुने निर्वाचन कार्यक्रम देहाय बमोजिम निर्धारित गरी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| सि.नं. | कार्यक्रम | मिति | समय/बजे |
|---|---|---|---|
| १. | निर्वाचन कार्यक्रम प्रकाशन | २०७९/०८/१४ | १:३० बजे |
| २. | मतदाता नामावली प्रकाशन | २०७९/०८/१६ | १०:०० बजे |
| ३. | मतदाता नामवलीमा नाम थप तथा संशोधनका लागि आवेदन दर्ता | २०७९/०८/१६ | १:०० बजेसम्म |
| ४. | आवेदन उपर जाँचबुझ तथा संशोधित मतदाता नामावली प्रकाशन | २०७९/०८/१६ | ३:०० बजे |
| ५. | मतदाता नामावलीमा समाविष्ट नामउपर दावी विरोध | २०७९/०८/१८ | १०-२ बजेसम्म |
| ६. | उजुरीउपर जाँचबुझ तथा मतदाताको अन्तिम नामावली प्रकाशन | २०७९/०८/१८ | ४:०० बजे |
| ७. | उम्मेदवारको मनोनयन- पत्रदर्ता | २०७९/०८/२० | ११-१:०० बजेसम्म |
| ८. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०७९/०८/२० | १:३० बजे |
| ९. | उम्मेदवार मनोनयन - पत्रमाथि दावीविरोध | २०७९/०८/२० | २:३० बजेसम्म |
| १०. | दावी विरोधउपर जाँचबुझ तथा उम्मेदवारको संशोधित नामावली प्रकाशन | २०७९/०८/२० | ३:०० बजे |
| ११. | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/०८/२२ | १:०० बजेसम्म |
| १२. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७९/०८/२२ | १:३० बजेसम्म |
| १३. | मतदान | २०७९/०८/२४ | ९:००-२:०० बजेसम्म |
| १४. | मत गणना | २०७९/०८/२४ | मतदान समाप्ति पश्चात |
| १५. | नतिजा प्रकाशन/घोषणा | २०७९/०८/२४ | मतगणना पश्चात |

**नोटः** १) मतदान केन्द्र : ने.रे.सो. बुद्धशान्ति, उपशाखा, २) परिणाम घोषणा : मतगणनापछि, **समय :** **– निर्वाचन अधिकारी**




## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त–
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** तपाईको आजको दिन मिश्रित रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शरीरमा आलश्यता पैदा हुनेछ, स्वास्थ्यले साथ दिने छैन, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, आज तपाईको मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आज तपाईको समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाईको समय उत्तमसिद्धि रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।